जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १९९ २०७६ साल फागुन २६ गते सोमबार (9 Mar. 2020 Monday) मूल्य रु. ५/-

२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुठ्ठा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : श्रद्धा, निष्ठा, रंगका साथ ... ३ पृष्ठमा : वैकल्पिक बजार खोज्दै... ३ पृष्ठमा : कोरोनाको त्रास : इटालीमा एक ...

# कोरोनाका कारण तथा मंगलबार परेकाले होली खल्लो हुने

**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

नोभेल कोरोना भाइरसको त्रासबीच यस पटकको होली पर्व खल्लो हुने भएको छ ।

कोरोनाको त्राससँगै यस पटक तराई मधेशमा होली पर्व मंगलबार परेको हुनाले कतिपय व्यक्तिले सो दिन उपवास गर्ने गर्दछन् । जसले गर्दा पनि यस पटकको होली खल्लो हुने भएको छ ।

होली पर्वमा मांसाहारी भोजन गर्ने चलन रहेपनि यस पटक मंगलबार अधिकांश मधेशी समुदायले माछा मासु नखाने र उपबास बस्ने गरेका कारण होलीको उत्साहमा कमी आएको हो ।

काठमाडौंसहित पहाडी जिल्लामा सोमबार होली मनाईदै छ । यता होलीका लागि प्रदेश २ सरकारले मंगलबार र बुधबार दुई दिने सार्वजनिक विदा दिएको छ ।

यस्तै यस पर्वमा प्रयोग गरिने रंग, अबिर, फुचकारी, बैलुन तथा प्रसाद र विभिन्न परिकार सामग्रीहरुको मुल्य पनि आकाशिएकाले सर्वसाधारणलाई पिरोलेका छन् । स्थानिय बजारमा त्यस्ता सामग्रीहरुको मुल्य अत्याधिक रहेको छ । महंगी नियन्त्रणको प्रयास कतैबाट नहुँदा पनि यस पटकको होली पर्वको तयारी उत्साहजनक हुन सकेको छैन ।

यसैबीच कोरोना भाईरसको

*बाँकी तीन पृष्ठमा*

# हिरासतबाट हतकडीसहित युवक फरार

**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**

आत्महत्या गर्न खोज्ने एक युवकलाई प्रहरीले जोगाउन चौकीमा हिरासतमा राखेकोमा उनी हिरासतबाट हतकडीसहित फरार भएका छन् ।

पिसाब फेर्ने बहानामा प्रहरी चौकी काचनको हिरासतमा रहेका सप्तरीको बोदेबर्साइन नगरपालिका ८ निवासी ३० बर्षिय महेश यादव हतकडीसहित फरार भएका हुन् ।

शनिबार राती १० बजे तिर अत्यधिक मदिरा सेवन गरी घर आएका यादवको पत्नीसँग मदिराकै विषयमा विवाद बढेपछि आवेशमा आई उनी घरमै पासो लगाई आत्महत्याको प्रयास गरेका थिए ।

सो बारे छरछिमेकले प्रहरीलाई खबर गरेपछि प्रहरीले सुरक्षाका लागि उनलाई प्रहरी चौकीको हिरासत कक्षमा राखेको थियो ।

मध्यराती २ बजे तिर उनले पेसाब लाग्यो भन्दै गुहारेपछि प्रहरीले हिरासत कक्ष खोलेर उनलाई नजिकै पेसाब गर्न जान दिएका थिए । तर, अध्यारोको फाइदा उठाउँदै उनी फरार हुन

*बाँकी तीन पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · PRABHU Money Transfer · City Express · IME International Money Express · IME pay · himal remit · CG Money · MoneyGram money transfer

## सम्पादकीय

# उच्च मनोवल बढाउन सचेतना आवश्यक

मुलुकभर आत्महत्याका घटनाहरु बृद्धि हुँदै जानु अत्यन्त दुःखद पक्ष हो । यस्ता घटना हुनुमा आफैमा सहनशिलता, आत्मबल गुम्नु एउटा मुख्य कारण हो । विभिन्न बहानामा समान्य झै झगडा हुँदा पनि आत्महत्या गर्ने गरेको पाइएको छ । जसमा युवायुवतीदेखि अधवैसे सम्मकाहरुले आत्महत्या गर्ने गरेको तथ्याङ्कले देखाउछ । जीवनबाट निराश हुने विभिन्न कारणमध्ये मानसिक तनाव र समस्यासँग सामाना गर्न नसक्नेहरु आत्महत्या रोज्ने गरिएको पाइएको छ ।

पारिवारिक कलह र व्यक्तिगत सम्बन्धमा फाटो आउनु, अत्यन्त मन मिल्नेसँगका अकस्मात मनमुटाव, सामाजिक र पारिवारिक दबाब, लेनदेन लगायतका कारणले आत्महत्या गर्नेहरुको संख्या बढेको प्रहरी तथ्याङ्कले देखाउछ । आत्महत्या गर्नेहरुमा अधिकांश भर्खरका १६ वर्ष पुगेका युवायुवतीहरु रहेका छन् । त्यसपछि अवबैसे ४० देखी ६० वर्ष उमेरकाहरु हुनेगरेका छन् । उनीहरुले विभिन्न घरायसी समस्या, माया प्रेममा धोखा दिएपछि तथा श्रीमान श्रीमति बिचको झै झगडाका कारणले गर्दा आत्महत्या गर्ने गरेको तथ्याङ्ले देखाएको छ । विभिन्न बहानामा विष खानेदेखि लिएर झुण्डिएर आत्महत्या गर्ने बढी छ ।

यस्ता घटना हुनुमा सचेतनाको अभाव तथा उच्च मनोबल नहुनु हो । तसर्थ यसलाई न्यूनिकरण गर्नका लागि सम्पूर्ण सरोकारवाला निकाय तथा समाजिक स्तरबाटै जनचेतना फैलाउनु अति आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# श्रद्धा, निष्ठा, रंगका साथ आत्ममिलनको पर्व होली



**अमरनाथ मण्डल**

हाम्रो संस्कृतिले हामीलाई दिएका साँस्कृतिक धार्मिक धरोहरहरु पर्याप्त मात्रामा निष्ठा र पवित्रताको तथा एक आर्काको आत्मियतासँग पवित्र मिलनको आधार स्वरुप हाम्रा संस्कृतिले दिएका, देखाएका मार्गदिशाहरु कारण मानव जीवनको जीवन शैली सौहार्दपूर्ण वातावरण सिर्जना गर्ने पर्याप्त आधारहरु दिएका छन् ।

हाम्रो संस्कृतिले हामीलाई धन्य तुल्याएका छन् भने विश्वको सर्वोत्तम संस्कृतिको धरोहरको रुपमा हामीले पाएको कारण हाम्रो चाड पर्वको आफैमा महत्वपूर्ण स्थान बोकेका हुन्छन । हाम्रो संस्कृतिले मानव जीवनको मानवतालाई सार्थक तुल्याउन हामीलाई विभिन्न किसिमका पर्वहरुबाट धार्मिक आचरणसँग बाँधेर हामीलाई सभ्यताका पाठहरुलाई नबिर्सन समययस्-समयमा हाम्रा चाडपर्वहरुले निर्देशित गर्ने गरिन्छ । हाम्रो सांस्कृतिक धरोहरको कारण हामी बीच सभ्य समाजको निर्माणको परिकल्पना गर्न सार्थक भइरहेको सन्दर्भमा हाम्रा साँस्कृतिकमा धार्मिक परम्परालाई आफ्नै महत्व हुन्छ ।

हाम्रो धार्मिक परम्पराले जीवनको दर्शनलाई उजागर गर्छन् भने हामीलाई कुबाटोमा जानबाट रोक्नका लागि सचेतना परिभाषित गर्छ । हाम्रा धार्मिक ग्रन्थ रामायणमा भगवान रामको चरित्रले मानवको सभ्यता र संस्कृतिलाई उजागर गरेका छन् भने भगवान रामको आमा माया, बुवा माया, भाइमाया तथा एउटा राजाको कर्तव्य निष्ठापूर्वक निभाउनु पर्ने शिखहरु रामायण दर्शनमा सिखाएका छन् । त्यस्तै अर्का पात्र लक्ष्मणले भातृ प्रेमलाई उजागर गरेका छन् भने भातृ प्रेमको शिखलाई रामायणमा दर्शाएका छन् । त्यस्तै माता सिताको पात्रले हामीलाई धेरै आचरणहरु, व्यवहारहरु, समर्पणहरु सिकाएका छन् ।

महाभारतमा भगवान कृष्णको पात्रले मानव जीवनको संस्कृतिलाई उजागर गरेका छन् भने न्याय र अन्यायको धेरै कुराहरु सार्थकताको रुपमा परिभाषित गरेका छन् । महाभारतले सत्यको जित हुन्छ भने धर्मको आस्थालाई महान मानेका छन् । धर्मले जीवनको सत्यलाई सत्यतामा परिभाषित हुन्छनभने महाभारतको मानस पटलमा चरितार्थ गरिएको छ । त्यसै कारण हाम्रो साँस्कृतिमा




धर्ममा र धार्मिक आस्थामा अदभुतपूर्ण शक्तिको विशलेषण गरिएको छ । यसै शक्तिको रुपमा होली पर्वलाई पनि विशेष धार्मिक आस्थासँग गाँसिएको सन्दर्भहरु हाम्रो सामु रहेको छ ।

होली पर्वले हाम्रो धार्मिक मान्यता अनुसार ध्रुव प्रह्लादलाई हृरण्यकश्यपले विष्णुको भक्ति नगर्न प्रतिबन्ध लगाएपछि ध्रुव प्रह्लादले ईश्वरीक शक्तिको रुपमा विष्णुलाई भगवानको स्वरुप मानी श्रद्धा र निष्ठाको साथ मनमस्तिष्कमा बसाई आराध्य गर्ने गरेकोले रिसाएर हृरण्यकश्यपले आफ्नो छोरो प्रह्लादलाई आफ्नो बहिनी होलीका जसलाई आगोमा नजल्ने वरदान पाएको कारण छोरो प्रह्लादलाई होलीकाको काखमा बसाई आगो बाली प्रह्लादलाई जलाउने षडयन्त्र गरेको सन्दर्भ लिएर भगवानको भक्त प्रह्लादले आगोबाट केही हानि र घात नगरेको कारणले गर्दा होलीका जलेर नष्ट भएको सन्दर्भ लिएर होलीका दहन कार्यक्रम मनाइ होली पर्वलाई सत्यको जीत स्वरुप विजयोत्सवको रुपमा होली पर्व मनाउने गरेको हाम्रो धार्मिक ग्रन्थहरुमा वर्णन गरिएको छ ।

सत्यको पक्षमा धार्मिक आस्था रहेकोले असत्यको विरुद्धमा मानव जीवनलाई समर्पण गर्ने मार्ग दिशा दिएको सन्र्दभ लिएर जीवनको हरेको क्षणमा सत्यतालाई स्वीकार गरी सत्य, निष्पक्ष,स्वार्दपुर्ण वातावरण, धार्मिक आस्था, दया-करुणा र धर्मको आस्थालाई आत्मसाथ गरी मानव जीवनलाई संचालन गर्नुपर्ने शिखहरु हाम्रा सँस्कृतिहरु अरुले शिकाएका छन् । होली पर्व सत्यको जीत र सत्यको हारको सन्दर्भ लिएर कुशियाली स्वरुप मनाउने गरेको सन्दर्भ लिएर हाम्रा धर्मले तथा साँस्कृतिले शिकाएका निर्देशित गरेका सत्य-तथ्यहरुलाई अंगिकार नगर्नका लागि अहिले धार्मिक विचल्लनको स्थिति सिर्जना गरेको धार्मिक विचल्लनको अवस्थामा धार्मिक मूल्य मान्यतालाई गलत व्याख्या गरी मानवले कुप्रथालाई बढि अंगिकार गरिरहेका छन् । अहिले होली पर्वमा जाड रक्सी सेवन गरी मानव जीवनको सिद्धान्तलाई धार्मिक आस्थालाई विचल्लन अवस्थामा पुर्‍याउने सन्दर्भलाई अंगिकार गरिरहेका छन् । त्यस्तै माछा मासु र होलीका मूल्यमान्यतालाई विर्सि आराजक नितिको अख्तियार गरी मानव सभ्यतालाई कलंकित बनाइरहेका छन् । त्यसैकारण कुनै पनि पर्वमा पर्वको मूल्यमान्यता सिद्धान्तलाई अंगिकार गर्नुपर्ने अवस्थामा विकृतिलाई त्याग गरी पर्वको सही पक्षालाई आत्मसात गरी एकअर्कासँग आत्मियतालाई बढाउनुपर्ने अवस्था देखिन्छ ।

स्वार्दपूर्ण वातावरणमा धार्मिक आस्था र मूल्यमान्यतालाई आत्मसाथ गरी जाड रक्सी जस्ता कुरुतिहरुको त्याग गरी होली पर्व एउटा एकअर्कासँग शुभकामना आदान प्रदान गर्ने एकअर्काकोसँग मित्रता गाँस्ने वर्षौ वर्षौदेखि आपसी विवाद तथा झै झगडालाई समाप्त पारी एकअर्कासँग आत्मियता गासि एकअर्कासँग भावनालाई सम्मान स्वरुप मिलनको केन्द्रबिन्दु बनाई होली पर्व मनाउनुपर्ने अवस्था देखिन्छ भने पर्वको मूल्यमान्यतालाई आत्मसाथ गरी एकअर्कालाई रंग अबिर लगाई साइनो गाँस्ने परम्परालाई सार्थक तुल्याउन दिशातिर उन्मुख हुनुपर्ने अवस्था देखिन्छ । होली पर्वमा देखिएका विकृतिहरु अन्त्यको लागि प्रशासनिक पक्ष, सामाजिक पक्ष, परिवारिक पक्षले अहम भूमिका खेल्नुपर्ने अवस्था देखिन्छ । होली पर्वमा एक अर्कासँग मित्रता गाँसो ठप्प एउटा मित्र बनाऔं, तर थप शत्रु नबनाऔ यही सन्देश साथ प्रत्येक वर्षमा होलीको दिन हुने गरेको अमान्य व्यवहार झै झगडाहरुलाई स्वार्दपूर्ण वातावरणमा परिवर्तन गरी यसपालिको होली पर्वलाई धार्मिक सांस्कृतिकको आस्थामूलक पर्वको रुपमा सबै पक्षले ध्यान दिनु पर्ने आवश्यकता देखिन्छ । चाड पर्वको बेला वस्तुभाउको मूल्यहरु बढ्ने गरेको प्रति सम्बन्धित निकायले बेलैमा ध्यान पुगाई अनुगमन निरिक्षण गरी मूल्यहरुको निर्धारण गर्नुपर्ने देखिन्छ ।

व्यवहारिक रुपमा सामाजिक स्तरबाट समाजमा यस पर्वले स्वार्दपूर्ण वातावरणको निर्माण गर्दछ तर यस पर्वको गलत व्याख्या नगरी पर्वको सहि मर्म र भावनासँग परिभाषित गर्नुपर्छ शुभकामना दिदै सबै पाठक वर्गमा होली पर्वको यस स्तम्भकारको मंगलमय शुभकामना ।

# पत्रकार साहको हत्यामा संलग्न १२ वर्षपछि पक्राउ

कलैया, २५ फागुन (रासस) ।

पत्रकार वीरेन्द्र साहको हत्या भएको १२ वर्षपछि हत्याका एक अभियुक्तलाई बारा प्रहरीले शनिबार राति पक्राउ गरेको छ । पक्राउपर्नेमा कुन्दन फौजदार भनिने नरेन्द्र फौजदारलाई बारागढी गाउँपालिका वडा नं ६ गडहलबाट पक्राउ गरेको प्रहरी उपरीक्षक कृष्ण पङ्गेनीले जानकारी दिनुभयो ।

विसं २०६४ असोज १८ गते कलैयाबाट पिपरा बजार जाने क्रममा तत्कालीन अवस्थामा भूमिगत रहेको नेकपा माओवादीले अपहरण गरेको थियो । अपहरणपछि निर्मम हत्या गरी शवलाई गाडेको अवस्थामा ३५ दिनपछि टङ्गीया बस्तीको जङ्गलमा शव सडेगलेको अवस्थामा कुकुरको सहयोगमा प्रहरीले बरामद गरेको थियो । हत्यामा संलग्न हरेराम पटेल, लालबहादुर चौधरी, रामएवाल सहनी र मैनेजर गिरी रहेका छन् ।

गिरी भने जेल जीवन भोगी जेलमुक्त भइसकेका छन् भने अन्य तीन जना अहिलेसम्म फरार रहेका छन् । तिनीहरुको पनि खोजी भइरहेको प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिनुभयो । हत्यामा संलग्न रहेकालाई आजीवन करावासको फैसला सुनाइएको थियो ।

# महिलामाथि तेजाब प्रहार

चन्द्रौटा, २५ फागुन (रासस) ।

कपिलवस्तुको महाराजगञ्ज नगरपालिका- १ महाराजगञ्जमा एक महिलामाथि तेजाब प्रहार गरिएको छ । तेजाब ड प्रहारबाट ५१ वर्षीया बेदमतीदेवी गुप्ता घाइते हुनुभएको छ । गुप्ताको अवस्था सामान्य रहेको वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रहरी निरीक्षक दिपेश खरेलले बताउनुभयो ।

महिलाको निधार र शरीरमा तेजाब लागेको छ । तेजाब आक्रमणपछि घाइते गुप्ताको कपिलवस्तु जिल्ला अस्पतालमा उपचारपछि युनिर्भसल मेडिकल कलेज भैरहवामा उपचार भइरहेको छ । क्रिकेट ब्याडका विषयमा विवाद चल्दै गर्दा छिमेकी हरिनारायण वरईले तेजाब प्रहार गरेको बताइएको छ ।

वरईले क्रिकेट ब्याड भाचेपछि ब्याडको पैसा तिनुपर्ने भन्दै झगडा भएका बेला ब्याट्रिमा राख्ने तेजाब फालेका थिए । वरई ब्याट्री मर्मत गर्ने पसल सञ्चालन गर्छन् । प्रहरीले वरईको पसलबाट पाँच लिटर तेजाबसमेत बरामद गरेको छ । तेजाब प्रहार गर्ने वरई प्रहरी नियन्त्रणमा रहेका छन् । उनलाई ज्यान मार्ने उद्योगअर्न्तगत मुद्दा दर्ता गरिएको छ ।

# वैकल्पिक बजार खोज्दै वायु सेवा प्रदायक

काठमाडौँ, २५ फागुन (रासस)।

कोरोना भाइरसको सन्त्रासका कारण विदेशी पर्यटक घटेपछि मुलुकको आन्तरिक उडानमा रहेका वायु सेवा प्रदायक कम्पनीले वैकल्पिक बजारको खोजी शुरु गरेका छन्। कोरोनाको हल्लाले सबैभन्दा बढी पर्यटन क्षेत्रलाई असर पार्ने खतरा देखेका व्यवसायीले पर्यटनसँग प्रत्यक्ष सरोकार राख्ने ठूलो लगानी भएको हवाई क्षेत्रले बढी मार खेप्नुपरेको जनाएका हुन्।

मुख्य पर्यटकीय याममै कोरोनाको त्रासले पर्यटन क्षेत्रलाई नराम्रोसँग प्रभाव पारेको छ। होटल क्षेत्रमा धमाधम बुकिङ रद्द भइरहेको छ भने हवाई क्षेत्रमा पनि व्यवसाय ह्वात्तै घटेको छ। कोरोनाको सबैभन्दा बढी प्रभाव नेपालको पर्यटन क्षेत्र त्यसमा पनि हवाई उद्योगमा पर्ने भएकाले वैकल्पिक बजारको खोजी थालिएको वायु सेवा सञ्चालक सङ्घका महासचिव योगराज कँडेल शर्माले बताउनुभयो।

हेली एभरेष्टका प्रमुख कार्यकारी अधिकृतसमेत रहनुभएका शर्माले हवाई क्षेत्रमा पनि सबैभन्दा बढी हेलिकप्टर व्यवसाय मारमा परेको बताउनुभयो। वसन्त ऋतुको अगाडि आरोहीलगायतका विदेशीले धमाधम बुकिङ रद्द गरिरहेको उहाँले जानकारी दिनुभयो। हेली एभरेष्टको मात्रै १३२ बुकिङ भएकामा ५२ वटा रद्द भइसकेका छन्। सोही अनुपातमा अन्य हेलिकप्टरको पनि बुकिङ रद्द हुनेक्रम बढेको सङ्घले जनाएको छ। अहिले सार्वजनिक सेवामा रहेका १० हेलिकप्टर कम्पनीका ३३ हेलिकप्टर छन् यिमध्ये ३० हेलिकप्टर उडानयोग्य छन्। अहिले दैनिक एक/दुई वटा मात्र उडान भइरहेको कम्पनीले जनाएका छन्। त्यसैगरी जहाजतर्फ आन्तरिक उडानमा नौ वायु सेवा प्रदायक कम्पनीले उडान गरिरहेका छन्।

महासचिव शर्माका अनुसार अघिल्लो वर्षको तुलनामा अहिले कोरोनाको हल्लाले दैनिक तीन हजार यात्रु घटेका छन्। नेपाल भ्रमण वर्ष २०२० को सन्दर्भमा यो सङ्ख्या दैनिक चार हजार बढाएर सात हजार पुऱ्याउने योजना थियो। सबैभन्दा बढी हेलिकप्टरको ५० प्रतिशतभन्दा बढी उडान कटौती भएको छ। जहाजतर्फ ठूला वायु सेवा कम्पनी बुद्ध एयर, यति एयरलाइन्स, श्री एयरलाइन्सलगायतको उडान सङ्ख्या सन्तोषजनक रहे पनि डलर यात्री घटेपछि आर्थिक कारोवार ह्वात्तै घटेको महासचिव शर्माको भनाइ छ।

विदेशीको चहलपहल घटेपछि देशका प्रमुख पर्यटकीय गन्तब्यमा व्यावसायिक सम्भावनाको खोजीका लागि प्याकेज बनाएर सहुलियत मूल्यमा हेलिकप्टर तथा जहाज सञ्चालन गर्ने योजना बनाइएको सङ्घले जनाएको छ। व्यवसायीले उपत्यकाको पर्यटकीय क्षेत्र चन्द्रागिरि हिल्सबाट हेलिकप्टर चढेर काठमाडौँ उपत्यका राउन्ड लगाउन रु १० हजारको प्याकेज बनाएर उडान अनुमतिका लागि नियामक प्राधिकरणलाई पत्राचार गरिएको महासचिव शर्माले जानकारी दिनुभयो।

त्यसैगरी मुख्य पर्यटकीय क्षेत्र पोखरालगायत गन्तव्यमा पनि यस्तो प्याकेज बनाइनेछ। आन्तरिक गन्तव्यमा जाने यात्रुलाई विशेष छुट 'अफर'लगायत व्यवस्था गरिने व्यवसायीको भनाइ छ। अहिलेको अवस्था निरन्तर रहे हेलिकप्टर तथा जहाज ग्राउण्डेड गर्न बाध्य हुने बताउँदै सङ्घका महासचिव शर्माले अहिले कम्पनी बचाउनका लागि खर्च कटौती र विभिन्न तौरतरिका अपनाइएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "कोरोनाको प्रभावले हवाई क्षेत्रमा अबको तीन महिनामा रु चार अर्ब क्षति हुने अनुमान गरेका छौँ, अहिले जहाजको इन्स्योरेन्स तिर्न र मर्मत खर्च निकाल्न धौधौ परेको छ, त्यसैले हवाई उद्योग बचाइदिन सरकारलाई गुहारेका हौँ।"

लाखौँ खर्चेर नेपाल आउने विदेशी जोखिमयुक्त देशको यात्रा गर्न रुचाउँदैनन्। त्यसको प्रत्यक्ष असर हवाई क्षेत्रमा पर्ने व्यवसायीको भनाइ छ। वायु सेवा सञ्चालक सङ्घले यही फागुन २३ गते विज्ञप्ति निकालेर कोरोना भाइरसको हल्लाका कारण आन्तरिक हवाई यात्रु ४० प्रतिशतले घटेको जनाएको थियो।

नेपालको आन्तरिक उडानमा कोरोनाको प्रभावका कारण करिब रु चार अर्ब क्षति हुने सङ्घको अनुमान छ। अहिले प्रतिमहिना आन्तरिक हवाई यात्रु ४० प्रतिशतले घटेको जनाइएको छ। अबको तीनदेखि छ महिना यसको असर देखिने व्यवसायीको आँकलन छ।

नेपालमा अहिलेसम्म कोरोनाको सङ्क्रमण देखिएको छैन तर पनि विशेष सजकता अपनाइएको छ। विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई उच्च जोखिमयुक्त मुलुक भनेको छ। कोरोनाको प्रभावले मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा शून्य दशमलव चार प्रतिशत असर पुग्ने एशियाली विकास बैंकले प्रारम्भिक प्रक्षेपण गरेको छ।

वायु सेवा सञ्चालकले सरकारसँग सहुलियत, बैंकमा तिर्नुपर्ने ब्याजमा पुनःकर्जाको सुविधा दिएर भुक्तानीको व्यवस्था मिलाउन माग गरेका छन्। व्यवसायीको मागका सन्दर्भमा सरकारले पनि कोरोनाको हवाई क्षेत्रमा के कस्तो असर परेको छ भनी नियामक निकायसँग विवरण लिएको छ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेलले कोरोनाको प्रभावले पर्यटन र नागरिक उड्डयन क्षेत्रमा कति क्षति पुग्छ भनी व्यवसायीसँग यकिन विवरण लिएर सरकारलाई सिफारिस गरिने बताउनुभयो। अङ्ग्रेजी वर्ष सन् २०२० को फेब्रुअरीसम्मको अवस्थालाई हेरेर केकति क्षति हुने र कस्ता विषयमा राहत र सहुलियत दिने भन्नेबारे सिफारिस गरिने उहाँले उल्लेख गर्नुभयो।

वायुसेवा प्रदायकले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट अमेरिकी डलर र नेपाली रुपैयाँमा लिएको ऋणको साँवालाई पुनर्तालिकीकरण र पुनःसंरचनाको व्यवस्था गर्न माग गरेको छ। हवाई इन्धनमा सरकारले लगाएको मूल्य अभिवृद्धि कर हटाउन र हवाई इन्धनको मूल्य कम्तीमा ३० प्रतिशत घटाउनसमेत व्यवसायीले अनुरोध गरेका छन्।

छिमेकी मुलुक चीनमा देखा परेको कोरोनाको सङ्क्रमणले विश्वव्यापी रुप लिएसँगै संसारको अर्थतन्त्रलाई असर पार्ने र अर्थतन्त्रको मुख्य पाटो पर्यटन क्षेत्रमा नराम्रो असर पर्ने खतरा औँल्याउँदै सङ्घले आन्तरिक वायुसेवा कम्पनीकोसमेत व्यापार घटेको जनाएको छ। विदेशी पर्यटक नआउँदा अहिले उपलब्ध जहाजलाई मागअनुसार यात्रु नपुग्ने भन्दै सङ्घले सोही कारण अब अनुपात मिलाएर सबै कम्पनीका जहाज ग्राउन्डेड गर्ने निर्णय भएको विज्ञप्तिमा उल्लेख गरेको छ।

सङ्घले सम्पूर्ण खर्चमा मितव्ययिता अपनाउने, अहिले भएको वायुयानको सङ्ख्याअनुसार माग नहुने अवस्थामा सबै कम्पनीले आफ्नो जहाज ग्राउण्डेड गर्ने, कर्मचारीलाई बिनातलब छुट्टीमा जान प्रोत्साहित गर्ने र सेवासुविधा कटौती गर्ने समेतका कार्य गरिने निर्णय गरेको छ। विश्वका ९५ देशमा 'कोभिड-१९' को सङ्क्रमण फैलिसकेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार कोरोना सङ्क्रमित व्यक्तिको सङ्ख्या एक लाख नाघिसकेको छ। यस रोगबाट हालसम्म तीन हजार ५०० जनाको मृत्यु भएको छ।

# जेसीजले महिला दिवस फरक ढंगले मनायो



**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन।**

राजविराज जेसीजले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस फरक ढंगले मनाएको छ। कोरोना संक्रमणको जोखिमका कारण जमघट, भेला नगर्न स्थानीय प्रशासनले अनुरोध गरेपछि जेसीजले फरक ढंगले दिवस मनाएको हो।

राजविराजस्थित गजेन्द्र चोकमा दुई हातको दुरीमा उभिएर सहभागीहरुले प्लेकार्डसहित प्रदर्शन गरेका थिए। जेसीजका पदाधिकारीहरुलाई साथ दिदै अधिकारकर्मी र कानून व्यवसायीहरुले समेत सहभागिता जनाए।

उनीहरुले '११०औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सफल पारौं', 'महिला रोकिए, संसार रोकिन्छ', 'महिला अधिकार, मानव अधिकार', 'समान सोंच र व्यवहार, समृद्धिको आधार', 'पाइला हाराहारी, हिस्सा बराबरी', 'कुरा होइन काम गरौं, महिला हिंसा अन्त्य गरौं', 'अंश र वंशमा समान अधिकार', 'सम्पतिमा दम्पति बराबर', 'लैङ्गिक विभेदको अन्त्य, समृद्ध नेपालको गन्तव्य', नाराअंकित प्लेकार्ड बोकेर एक घण्टासम्म चोकमा उभिएर प्रदर्शन गरे।

राजविराज जेसीजकी अध्यक्ष नानीमैया कटुवालको अध्यक्षत तथा जिल्ला बार एकाईका सहसचिव रञ्जिता रिजालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा इन्सेक प्रतिनिधी मनोहर पोखरेल, महिला मानव अधिकार रक्षक सञ्जालकी अध्यक्ष अनीता देवकोटा, अधिवक्ता मनु खनाल, मैथिली महिला परिषद्की प्रतिमा देवलगायतको उपस्थिती रहेको थियो।

### *कोरोना तथा ...*

जोखिमलाई ध्यानमा राख्दै स्थानिय प्रशासन र स्थानिय तहहरुले होली कार्यक्रम आयोजना नगर्न र सहभागी नहुन आग्रह गरेका कारण पनि होली उत्साहमा कमी आएको छ।

सप्तरीमा होलीका अवसरमा करिब आधा दर्जन कला तथा सांस्कृतिक समुहले विभिन्न कार्यकमको आयोजना गर्दै आएका थिए। तर, यस पल्ट सवै कार्यक्रम रद्द गरिएको छ।

कोरोना भाईरसको बढ्दो संक्रमणलाई दृष्टिगत गरी जिल्ला प्रशासन कार्यालय सप्तरी तथा विभिन्न स्थानिय तहले सभा, सम्मेलन, भेला, सार्वजनिक कार्यकम नगर्न भन्दै भिडभारमा सामेल नहुन र सर्तकर्ता अपनाउन अनुरोध गरेपछि यस पटक होली महोत्सव कार्यक्रम समेत रद्द गरिएको छ।

### *हिरासतबाट ...*

सफल भए।

यता घटनाबारे अनुसन्धान भईरहेको तथा हिरासतबाट फरार भएका यादवको ब्यापक रुपमा खोज तलास कार्य सुरु गरिएको प्रहरी निरिक्षक यमलाल बन्जारेले बताए।

## विश्व समाचार

# कोरोनाको त्रास : इटालीमा एक तिहाई जनसंख्यालाई अलग पारियो

रोम, २५ फागुन (रासस/एएफपी)।

इटालीको उत्तरी क्षेत्रमा आइतबार एक करोड ५० लाखभन्दा बढी मानिसलाई क्वारेन्टाइनमा बस्न इटाली सरकारले आदेश दिएको छ। घातक कोरोनाभाइरसको सङ्क्रमण रोक्ने प्रयासस्वरुप सरकारले कडा कदम चाल्न बाध्य भएको जनाएको छ।

इटालीका प्रधानमन्त्री ज्युसेप कोन्टेले ट्विट गर्दै भेनिस र आर्थिक राजधानी मिलानलगायतको ठूलो क्षेत्रमा कम्तिमा एक महिनाका लागि आवागमनमा कडाई गर्ने एक योजनामा हस्ताक्षर गरेको बताउनुभएको छ। प्रधानमन्त्री कोन्टेको आदेशमा मानिसको भीडभाड हुने सिनेमाघर, सङ्ग्रहालय, थिएटर सबै बन्द गर्न भनिएको छ।

"कोरोना भाइरसकै कारण नयाँ आदेशलाई अन्ततःअनुमोदन गरेको छु," कोन्टेले भन्नु भएको छ। इटालीका अखबार कोरियर डेला सेरा र अन्य सञ्चारमाध्यमले उत्तर इटालीमा आवागमन निषेध भएको भन्दै खबर प्रकाशन गरेका छन्।

इटालीमा कोविड-१९ कै कारण झण्डै २३० जनाको मृत्यु भइसकेको छ। चीन बाहिर यति ठूलो सङ्ख्यामा मानिसको मृत्यु भएको इटालीमै हो। चीनमा गत डिसेम्बरमा देखापरेको यस प्रकोपले विश्वका धेरै देशलाई प्रभाव पारिरहेको छ।

विश्व बैंकका अनुसार जापान पछि इटालीमा विश्वमै बुढ्यौली उमेरका मानिसको बसोबास सर्वाधिक बढी छ, र नयाँ कोरोना भाइरसबाट वृद्ध गम्भीर बिरामी हुने सम्भावना बढी देखिन्छ।

स्थगित गर्नै नसकिने "गम्भीर" कारण भएमा, अन्य जरुरी काम वा पारिवारिक मामिला भएमा बाहेक मानिसलाई क्वारेन्टाइन क्षेत्रमा प्रवेश गर्न वा छाड्न अनुमति दिइने छैन, कोरियर डेला सेराले लेखेको छ।

यसमा सम्पूर्ण लोम्बार्डी क्षेत्रका साथै भेनिस र वरपरका क्षेत्र, पर्मा र रिमिनी शहर सामेल छन्। यसबाट इटालीको कूल छ करोड जनसङ्ख्याको एक तिहाइलाई असर पार्नेछ।

यी ठाउँमा सङ्ग्रहालय, रात्रिक्लब, जिमखाना र क्यासिनो बन्द गरिनेछन्। सकेसम्म मानिसलाई घरभित्रै बस्ने सल्लाह दिइएको बताउँदै उक्त अखबारले यी प्रतिबन्ध आगामी अप्रिल ३ सम्म लागू हुने जनाएको छ।

यी क्षेत्रभन्दा बाहिरका व्यक्तिलाई आआफ्ना घर फर्कन दिइनेछ। बारहरू र रेष्टुरेन्टमा ग्राहक एकअर्कासँग करिब एक मिटर टाढै रहने प्रबन्ध सुनिश्चित गरेमा खुला राख्न अनुमति दिइनेछ। इटालीमा गरिएको यो प्रबन्ध चीनको हुबे प्रान्तको झैं छ। हुबेको राजधानी उहानमा भाइरसको प्रकोप देखिएपछि यहाँ जनवरीको अन्त्यदेखि पूरै शहरलाई अन्य क्षेत्रबाट अलग राखिएको छ।

विश्वव्यापीरूपमा, कोरोना सङ्क्रमित व्यक्तिको सङ्ख्या एक लाख नाघिसकेको छ। यस रोगबाट हालसम्म तीन हजार ५०० जनाको मृत्यु हुनुका साथै विश्वका ९५ भन्दाबढी देशमा कोरोना फैलिइसकेको छ।

# भारतीय यस बैंकका संस्थापक राना पक्राउ

मुम्बई, २५ फागुन (रासस/एएफपी)।

भारतको समस्याग्रस्त घोषणा गरिएको "यस बैंक"का संस्थापकलाई आइतबार सम्पत्ति शुद्धिकरणको आरोपमा पक्राउ गरिएको छ। भारतमा निजी क्षेत्रको चौथो ठूलो यस बैंकको वित्तीय अवस्था कमजोर भएसँगै भारतीय रिजर्भ बैंकले कारोबारमा अस्थायी प्रतिबन्ध लगाएको छ।

भारतको केन्द्रीय बैंकले आकस्मिकरुपमा शुक्रबार मध्यराति उक्त बैंकलाई नियन्त्रणमा लिनुका साथै बैंकबाट ५० हजार भारुभन्दा बढी रकम झिक्न नपाइने गरी प्रतिबन्ध लगाएको थियो। पछिल्ला दिनमा बढ्दै गएको खराब कर्जाका कारण बैंकमाथि सङ्कट आएको थियो।

भारतको वित्तीय अपराधसम्बन्धी जाँच एजेन्सीका अधिकारीले आइतबार बिहान ०३ बजे बैंकका संस्थापक राना कपूरलाई मुम्बइस्थित निवासबाट पक्राउ गरेका थिए।

जाँच एजेन्सीका एक अधिकारीले एएफपीलाई बताएअनुसार रानाले बैंकसम्बन्धी अनुसन्धानमा असयोग गरेपछि पक्राउ गरिएको हो। यस बैंकले पनि रानाको गिरफ्तारीको पुष्टी गरेको छ। अधिकारीले मुम्बइस्थित रानाको भव्य महलमा छापा मारेको थियो।

भारतीय रिजर्भ बैंकले यस बैंकका ग्राहकलाई एक महिनाको अवधिमा ५० हजार भारतीय रुपैयाँ मात्र झिक्न पाउने व्यवस्था गरेपछि ग्राहकमा निराशा छाएको छ। मानिस यस बैंकका एटिएम र शाखामा शुक्रबार र शनिबार लामो लाइनमा बस्न बाध्य भएका थिए। रिजर्भ बैंकको उद्धार योजना बमोजिम भारतीय स्टेट बैंक (एसबिआई)ले समस्याग्रस्त "यस बैंक"को ४९ प्रतिशत शेयर खरिद गर्न दुई अर्ब ४५ करोड भारतीय रुपैयाँ लगानी गर्ने जनाएको छ। एसबिआइका अध्यक्ष रजनिश कुमारले यस बैंकमा लगानी गर्न २३ जना लगानीकर्ताले अभिरुचि देखाइसकेको पनि जानकारी दिनुभयो।

यस बैंकले खराब ऋण उठाउन नसक्दा पर्याप्त पूँजी लगानी गर्न नसकेको रिजर्भ बैंकको भनाइ छ। यस बैंकका एक हजारभन्दा बढी शाखा र एक हजार ८०० भन्दा बढी एटिएम छन्।

# प्रदेश क्रिकेट संघले कप्तान, प्रशिक्षक तथा छनौट समितिसँग लिखित जानकारी लिने



**दैनिक समाचारदाता**
**बर्दिवास, २५ फागुन ।**
हालै प्रदेश नं. २ सिनियर क्रिकेट टोलिको प्रर्दशनप्रति गम्भीर ध्यानार्कषण भएको जनाउँदै प्रदेश नं. २ क्रिकेट संघले खस्कदो प्रर्दशनको बारेमा कप्तान, प्रशिक्षक तथा छनौट समितिसँग लिखित जानकारी लिने निर्णय गरेको छ।

बर्दिवासमा शनिबार सम्पन्न संघको तेश्रो बैठकले सो लिखित जानकारी लिने निर्णय गरेको हो।

बैठकले नेपाल क्रिकेट संघले जारी गरेको क्यालेण्डर अनुसार जिल्ला तथा प्रदेशमा गतिविधी ष्स्संचालन गर्ने तथा प्रदेश स्तरीय क्रिकेट प्रतियोगिता संचालनको जिम्मेवारी सिरहा जिल्ला क्रिकेट संघलाई दिने निर्णय समेत गरेको छ।

आगामी दिनमा टोलिको प्रर्दशनलाई गम्भीरताका साथ हेरिने तथा प्रदेशका खेलाडीहरुको जिवन बिमा गर्ने निर्णय समेत गरेको संघका सचिव आयूष श्रेष्ठले जानकारी दिएका छन्।

प्रदेश नं २ मा रहेका अम्पाएर तथा स्कोररहरुको भेला बोलाई एउटा समिति निर्माण गर्ने, प्रदेश २ का लागि प्रशिक्षक तथा सप्तरी, सिरहा, महोतरी, सर्लाही, रौतहट र बारा गरि ६ जिल्लामा क्रिकेट प्रशिक्षक नरहेकाले नेपाल क्रिकेट संघ र राष्ट्रिय खेलकुद परिषदसँग प्रशिक्षक माँग गर्ने निर्णय गरिएके उनले बताए।

बैठक पश्चात् संघका पदाधिकारीहरुले महोत्तरीको बर्दिवासमा महिला क्रिकेट टोलिको प्रशिक्षण अवलोकन पनि गरेको थियो।

# घरायसी विवादका कारण एसईईको तयारीमा रहेकी किशोरीद्वारा आत्महत्या

**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**
घरायसी विवादका कारण एक १६ वर्षिया किशोरीले शनिबार राती आत्महतया गरेकी छिन्। उनी आउँदो एसइई परिक्षाको तयारीमा रहेकी थिइन्।

राजविराज ६ निवासी १६ बर्षिया सन्ध्या यादवले आफ्नै घरमा सलको पासो लगाई झुण्डिएर आत्महत्या गरेकी प्रहरीले जनाएको छ।

यही चैत्र ६ देखि हुने एसईई परिक्षाको तयारीमा रहेकी यादव घरायसी विवादमा आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानले देखाएको प्रहरी नायब उपरिक्षक तिलक भारतीले जानकारी दिएका छन्।

छोरीसँगै खाना खाएर नजिकैको पसलमा गई केही बेर पछि फर्केकी आमाले झुण्डिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए।

मृतकको शवको आईतबार स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा पोष्टमार्टम गरी आफन्तलाई बुझाईएको तथा घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरी निरिक्षक यमलाल बन्जारेले बताए।

# अग्निपीडितलाई राहत प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, २५ फागुन ।**
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ बिसनपुरका दुई अग्निपीडितले आइतबार एक सामाजिक संस्थाबाट राहत पाएका छन्।

अग्निपीडितद्वय मो. इब्राहिम मियाँ र मो. ऐजुब मियाँका परिवारले राहत स्वरुप त्रिपाल, झुल, धोती, साडी, बेडसिट, थाल, ग्लास, कराहि, डेक्ची, डाडु लगायतका राहत सामाग्रीहरु पाएका हुन्।

ती परिवारलाई धर्मी हल्फा महिला विकास क्लवका अध्यक्ष एवं समाजसेवी ई. सूर्य नारायण यादवले राहत वितरण गरेका हुन्।

सो अवसरमा हनुमाननगर कंकालिनी नगरपालिका १४ का अध्यक्ष सत्यनारायण यादव, प्रहरी चौकी रम्पुरा मल्हनियाका प्रहरी सहायक निरिक्षक पासाङ दावा शेर्पा, सुरेश सेडोक, तजमुल मियाँ लगायतको उपस्थिति रहेको थियो।

फागनु २१ गते उनीहरुको घरमा आगलागि हुँदा लाखौंको धनमाल जलेर क्षति भएको थियो।

# *बुरा न मानो होली है...*

हामी राजनैतिक सभ्यताहरुलाई व्यङ्गको रुपमा प्रस्तुत गर्न खोजेका छौं, यसबाट होली जस्तो महान पर्वमा हामीले एउटा आनन्द उत्साहको लागि केही शब्दहरुलाई व्यङ्ग्याएका छौं भने यसबाट कसैमाथि नकारात्मक प्रभाव गर्न गएमा हामी क्षमा याचना माग्दछौं।

**राजपा :** सत्ताको भोका पार्टी फोर्ने माहिर नेताहरुको जमघट भएको पार्टी हो। तसर्थ अहिले पनि सत्तामा जाने भोक राजपाका नेताहरुलाई सताइरहेको छ, शहिदको सपनालाई विर्सिसकेका छन्। ***बुरा न मानो होली है*** ...

**समाजवादी :** सत्ताको अत्ति भोका राजनीतिक समिकरणको गलत व्याख्या गरी उपेन्द्र जीले संविधान संशोधन गर्ने सवाल लिएर जनतालाई आश्वासन दिई संविधान संशोधन गराउछु भन्ने उपेन्द्र जी मन्त्री पदबाट आफै संशोधन भएर फेरी आन्दोलन गर्ने भन्दै तयारीमा लागेका छन्। ***बुरा न मानो होली है*** ...

**काँग्रेस :** आपसमा लड्ने, सिद्धान्त विर्सने तथा गुट उपगुटको माहिर पार्टी काँग्रेस प्रतिपक्षको भुमिका समेत निर्वाह नगर्ने विचित्रको पार्टीका नेता देउवाको र नेता पौडेलको मन्त्री पदको लोभले पुरानो पार्टी काँग्रेस सति जाने तिर उन्मुख। ***बुरा न मानो होली है*** ...

**नेकपा :** शासनको शासक गर्ने माहिर खेलाडीहरुको जमघट भएको पार्टी सधै मिल्ने तर, भित्रबाट गुट उपगुट गर्ने, कम्युनिष्टको नारा दिने र नेताहरु दिनहुँ धनि बन्दै जाने। केपी शर्मा ओली जस्तो बिमार प्रधानमन्त्री दिनप्रतिदिन असक्षम हुँदै जाने, महँगी, भ्रष्टाचार, बेरोजगार बढ्दै जाने पार्टी। ***बुरा न मानो होली है*** ...

**जनमत :** स्वराजको नारा दिने, केपी ओलीसँग सम्झौता गर्ने र वैज्ञानिक बनी जनतालाई आफु सबभन्दा बढी मधेशको अधिकारको सवालमा लड्ने सिके राउत ओलीसँग के सम्झौता गरेको हो कुनी ! ***बुरा न मानो होली है*** ...

**संघीय सांसद :** आफ्नो परिवारलाई पाल्ने, आफ्नो भाइभतिजालाई कोटेशन र टेण्डरमा काम दिने, कमिशनको महारथी बन्दै जाने, सरकारी गाडीको दुरुपयोग गरी राज्यको आर्थिक भार थप्दै जाने, आफ्नो घरमा काम गर्ने कामदारलाई स्वकीय सचिव बनाउने। ***बुरा न मानो होली है*** ...

**प्रदेश सांसद :** भत्ता पकाउने, आवासको खर्च खल्तिमा राख्ने, मन्त्री बन्न ठुलो नेतासँग तालमेल गर्ने, बजेटको रकम आफ्नो भाइ-भतिजाहरुलाई बाँडफाँड गरी कामै नगरी पचाउने। ***बुरा न मानो होली है*** ...


**संघीय मन्त्री :** केपी ओलीको दरवारी गर्ने, प्रचण्डको परिक्रमा गर्ने बाहेक कमिशनको झोला शिर्ष नेताहरु नजिक पुऱ्याउने र कमिशनको चलखेलमा मस्त रहने, ठुला ठुला योजना परियोजनाहरुबाट कमिशनको लागि सम्झौता गर्ने, बेचारा ! बास्कोटा यस्तो धन्धामा मात्र फसे अरुले राजाई गरिरहेका छन्। ***बुरा न मानो होली है***...

**प्रदेश मन्त्री :** कमिशनको पैसा लिन उपभोकता समितिको अध्यक्षहरुको घर-घरमा धाउने, सरकारी गाडीमा छोरा छोरी, भाई बुहारी, नातागोतालाई ओसार/पोसार गर्ने, करोडौको बजेटको रकमलाई बाँडफाड गरी आफ्नो भाइ भतिजा, राजनैतिक कार्यकर्तालाई कमाईको धन्धा बनाउने, जनताले दिएको अभिमतको सम्मान नगरी भ्रष्टाचारमा लिप्त रहने। ***बुरा न मानो होली है*** ...

**नगरप्रमुख/उपप्रमुख :** फेरी पनि सात्ता, कुर्सी पाउँछ कि पाउँदैन दुःखीमा रमाउने भाइ भारदारहरुलाई उपभोक्ता समिति बनाई लाखौको बजेट स्वाहा पार्ने, सरकारी गाडीमा छोरा छोरी तथा सालीलाई समेत सिनेमा हेराउने, मोवाइलमा सरकारी बजेटको रिचार्ज हाल्नु, रक्सीको पसलमा स्टेशनरीको बिल हाल्ने, चियाको खर्चमा चुरोटको डिब्बा किन्ने, वडा अध्यक्षहरुलाई खुशी राख्ने र विभिन्न स्थानमा घुमाउने। ***बुरा न मानो होली है*** ...

*होलीको अवसरमा व्यग्य स्वरुप प्रस्तुत गरिएको केही शब्दहरु यथार्थ सत्य रहेको तथा यस्ता कुतत्वहरुलाई सधैको लागि यसै पर्वमा त्याग गरी स्वच्छ नेपाल, स्वच्छ मधेशको निर्माण गरौ।*

***प्रस्तुतकर्ता : अमरनाथ मण्डल***




देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*